महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८१/८२

## नाम्खा गाउँपालिका, हुम्ला

## ८०६६४५०५३००

## हुम्ला

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८२/८३ मिति : २०८२-७-११

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
नाम्खा गाउँपालिका, हुम्ला ,
हुम्ला

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को एकीकृत वित्तीय विवरण तथा सोसँग सम्बन्धित अनुसूची, टिप्पणीहरू तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२।५।१७ मा छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन पाना २७ (सत्ताईस) यसैसाथ छ।

कार्यालयबाट पेस भएको वित्तीय विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम वित्तीय विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लेखित व्योहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को ३७ (१) बमोजिम ३५ दिन भित्र फर्छ्यौट गरी सम्परीक्षण गराउनुहुनेछ ।उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७ (४) बमोजिम लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने बेहोरा निर्देशानुसार अनुरोध गर्दछु।

प्रेम बहादुर मुङ्ग्मेन
निर्देशक

बोधार्थ तथा कार्यार्थः

संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिहदरबार काठमाडौं । ,
info@mofaga.gov.np
कोष तथा लेखा नियन्त्रक कार्यालय, हुम्ला ।,
humla.dtco@fcgo.gov.np
प्रदेश लेखा इकाई कार्यालय, हुम्ला ।,
humla.pfuo64@gmail.com

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नाम्खा गाँउपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, २४१९.६४ वर्ग किलोमिटर क्षेत्रफल तथा जनसंख्या ३५८९ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१४ देखि २०८२।५।१७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको शुरू मौज्दात र अन्तिम मौज्दात बाहेक आय – व्ययतर्फ रू ८१८६१०३७२.३९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४७७३१।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | रसिद न १३ मिति २०८२।५।३० बाट रू ११३१६ बाहालकर वापत रकम दाखिला | ११३१६।०० |
| २ | रसिद न १२ मिति २०८२।५।३० बाट राजश्व बापतको रकम दाखिला | ५१२५।०० |
| ४ | रसिद न १२ मिति २०८२।५।३० बाट राजश्व बापतको रकम दाखिला | ३२९०।०० |
| ५ | भौचर न ८६३६५५७० मिति २०८२।५।१७ बाट लाभग्राहि योगदान बापतको बेरूजु शीर्षकमा(१५१११) रकम दाखिला | २८०००।०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय प्रतिवेदनको बिश्लेषण

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ। गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। गाउँपालिकाले तयार गरेको वित्तीय प्रतिवेदनमा लेखा नीति तथा टिप्पणी एवं अनुसूचीहरू खुलासा गरेको छैन। यसमा सुधार हुनु पर्दछ। गाउँपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः-

### २.१ एकिकृत आय व्यय

| सिन | आयतर्फ | | | सिन | व्यतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | सुरु मौज्दात | | ६९९३८८७४।२४ | १ | **चालु खर्च** | | **२१०७०३५४९।६५** |
| | संचित कोष | ६४७४७६०७।०० | | | पालिका तर्फ | १२३८७२८३६।६५ | |
| | धरौटी | १८६८७९०।२४ | | | संघीय सशर्त | ८४९२३२१३।०० | |
| | विविध खर्च खाता | १७६७८३०।०० | | | प्रदेश सशर्त | १९०७५००।०० | |
| | स्थानिय प्रकोप व्यवस्थापन कोष खाता | १५५४६४७।०० | | २ | **पुँजीगत खर्च** | | **१०७६७६४३०।००** |
| २ | **आन्तरिक आय** | | **१८७१२४८।३२** | | पालिका तर्फ | ४२१८३५५२।०० | |
| ३ | **वित्तीय हस्तान्तरण (संघ)** | | **२७२२३१६९३।०७** | | संघीय सशर्त | ३८६८८३६२।०० | |
| | समानीकरण अनुदान | ६३६८१४४०।०० | | | संघीयसमपुरक | ५०९२०३२।०० | |
| | राजस्व बाँडफाँट | ५९९२२४७१।०७ | | | प्रदेश सशर्त | २१७१२४८४।०० | |
| | सशर्त अनुदान | १४३५३५७५०।०० | | ३ | **अन्तर सरकारी अख्तियारी (संघ)** | | **८१०९३६८५।००** |
| | समपुरक अनुदान | ५०९२०३२।०० | | | क) सामाजिक सुरक्षा तथा संरक्षण | ३७२४१८७८।०० | |
| ४ | **वित्तीय हस्तान्तरण (प्रदेश)** | | **२९५०८१११।०५** | | ख) पर्यटन पुर्वाधार विकास आयोजना | ९३४५००४।०० | |
| | क) समानीकरण अनुदान | ३७२०७५०।०० | | | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २४००००।०० | |
| | ख) राजस्व बाँडफाँट | १५१४३६१।०५ | | | घ) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३०५०६३१९।०० | |
| | ग) सशर्त अनुदान | २४२७३०००।०० | | | ङ)उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार कार्यक्रम | ३७६०४८४।०० | |
| ५ | **अन्तर सरकारी अख्तियारी (संघ)** | | **८१०९३६८५।००** | ४ | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | **२४०००।००** |
| | सामाजिक सुरक्षा तथा संरक्षण | ३७२४१८७८।०० | | | आन्तरिक मामिला तथा कानुन मन्त्रालय (शहिद स्मृती भत्ता) | २४०००।०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पर्यटन पुर्वाधार विकास आयोजना | ९३४५००४।०० | | **५** | **धरौटी फिर्ता तथा सदर स्याहा** | | **३६४२५०।००** |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २४००००।०० | | **६** | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | | **६०२०३७२।००** |
| | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३०५०६३१९।०० | | | विविध खर्च खाता | ५३५७७८२।०० | |
| | ङ)उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार कार्यक्रम | ३७६०४८४।०० | | | प्रकोप व्यवस्थापा कोष खाता | ६६२५९०।०० | |
| | अन्तर सरकारी अख्तियारी (प्रदेश) | | २४०००।०० | **७** | **अनुदान फिर्ता** | | **२०५७७१९१** |
| | आन्तरिक मामिला तथा कानुन मन्त्रालय (शहिद स्मृती भत्ता) | २४०००।०० | | | सघिय सशर्त अनुदान | १९९२४१७५।०० | |
| ८ | **धरौटी आय** | | **७१११४८।००** | | प्रदेश तर्फ सशर्त अनुदान | ६५३०१६।०० | |
| ९ | **कार्यसञ्चालन कोष आय** | | **६०४८४१९।५३** | ८ | **अन्तिम मौज्दात** | | **३४३०५१११।७९** |
| | | | | | संचित कोषको मौज्दात | २९४०१४७८।७९ | |
| | | | | | धरौटी | २२१५६८८।२४ | |
| | | | | | कार्यसञ्चालनकोष | | |
| | | | | | विविध खर्च खाता | १७९५८८७।५३ | |
| | | | | | स्थानिय प्रकोप व्यवस्थापन कोष खाता | ८९२०५७।०० | |
| | **जम्मा** | | **४६१४२७१७९।२१** | | **जम्मा** | | **४६१४२७१७९।२१** |

सैद्धान्तिक बेरुजु

## २.२ प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट रगैरबजेट निकाय)

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्त (सोझै भुक्तानी) |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | |
| ११००० | कर | ६,१३,५८,३२५.०७ | ० | ६,१३,५८,३२५.०७ | ६,४८,१२,४२४.०८ | ० |
| १३००० | अनुदान | २०,५६,१४,१२७.०० | १,४१,११,६५४.०० | २१,९७,२५,७८१.०० | १९,७३,७५,१४३.०० | १,६७,६५,२५३. |
| १४००० | अन्य राजस्व | १९,४९,७५५.३७ | ० | १९,४९,७५५.३७ | ७,०२,५४५.७७ | ० |
| क | **कुल जम्मा प्राप्ति** | २६,८९,२२,२०७.४४ | १,४१,११,६५४.०० | २८,३०,३३,८६१.४४ | २६,२८,९०,११२.८५ | १,६७,६५,२५३. |
| ३ | चालु | २०,१४,५४,३१२.०० | ७१,७०,७३१.०० | २०,८६,२५,०४३.०० | १९,१८,६०,७१९.०० | ९२,६५,२५३.०० |
| २१००० | पारिश्रमिक / सुविधा | ८,६४,०९,१८३.०० | ३८,३६,०६१.०० | ९,०२,४५,२४४.०० | ५,९१,०६,३७१.०० | २८,६२,३५६.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ११,०१,३३,४१६.०० | ३३,३४,६७०.०० | ११,३४,६८,०८६.०० | ११,०४,५६,७१९.०० | ६४,०२,८९७.०० |
| २५००० | सहायता (Subsidy) | २,००,०००.०० | ० | २,००,०००.०० | ० | ० |
| २६००० | अनुदान | ० | ० | ० | १,६१,८३,३९२.०० | ० |
| २७००० | सामाजिक सुरक्षा | ७,८५,६५३.०० | ० | ७,८५,६५३.०० | ० | ० |
| २८००० | अन्य खर्च | ३९,२६,०६०.०० | ० | ३९,२६,०६०.०० | ६१,१४,२३७.०० | ० |
| ४ | पूंजीगत | १०,०७,३५,५०७.०० | ६९,४०,९२३.०० | १०,७६,७६,४३०.०० | ६,९८,१२,७३५.०० | ७५,००,०००.०० |
| ३१११० | भवन तथा संरचना | १,७७,८९५.०० | ० | १,७७,८९५.०० | ४४,८६,४१३.०० | १५,४७,०००.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ३२,७४,१६३.०० | ० | ३२,७४,१६३.०० | ४८,०६,७५०.०० | ० |
| ३११५० | सार्वजनिक निर्माण | ९,६८,२४,४२३.०० | ६९,४०,९२३.०० | १०,३७,६५,३४६.०० | ५,७५,५५,५७२.०० | ५९,५३,०००.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ४,५९,०२६.०० | ० | ४,५९,०२६.०० | २९,६४,०००.०० | ० |
| ख) | **कुल जम्मा भुक्तानी** | ३०,२१,८९,८१९.०० | १,४१,११,६५४.०० | ३१,६३,०१,४७३.०० | २६,१६,७३,४५४.०० | १,६७,६५,२५३. |
| ग) | **बचत /कमी (ग = क-ख )** | (३,३२,६७,६११.५६) | | (३,३२,६७,६११.५६) | १२,१६,६५८.८५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | (६१,५७,१९९.००) | | (६१,५७,१९९.००) | (१२,५६,३१५.००) | |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | | | (१,३८,११५.००) | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | (३,९४,२४,८१०.५६) | | (३,९४,२४,८१०.५६) | -३९,६५६.१५ | |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ७,३६,२७,३५६.०० | | ७,३६,२७,३५६.०० | ५,४९,९३,६१४.०२ | |
| छ) | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ३,४२,०२,५४५.४४ | | ३,४२,०२,५४५.४४ | ५,४९,५३,९५७.८७ | |

सैद्धान्तिक बेरुजु

२.३ **वित्तीय विवरणको यथार्थताः** गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ। स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं२७०) तयार गर्नुपर्नेमा सामाजिक सुरक्षातर्फ रू. ३७२४१८७८.००, पर्यटन पुर्वाधार विकास आयोजना रू ९३४५००४.००, स्वास्थ क्षेत्र सुधार कार्यक्रम रू २४००००.००, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रू ३०५०६३१९.००, उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार कार्यक्रम ३७६०४८४.०० समेत जम्मा रू ८१०९३६८५.०० एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं २७०) मा समावेश भएको छैन। गाउँपालिकाको सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२.४ **आय भन्दा खर्च बढीः-** गाउँपालिकाको यस वर्षको आम्दानी रू २८३०३३८६१.४४ भएकोमा खर्च रू ३१६३०१४७३.०० भई संचित कोष रू ३३२६७६११.५६ ऋृणात्मक देखिएको छ । आम्दानी भन्दा खर्च बढी भएको रकम रू ३३२६७६११.५६ गत वर्षको मौज्दात रू ७३६२७३५६.०० बाट खर्च भएको देखिन्छ । यस वर्षको धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दात रू. (६१५७१९९) र गत वर्षको मौज्दातबाट खर्च भएर वाँकी रू. ४०३५९७४४.४४ समेत जम्मा रू ३४२०२५४५.४४ सञ्चितकोष बाँकी देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२.५ **मौज्दात फरकः-** गाउँपालिकाको म.ले.प.फा.नं. २७० मा रू ७३६२७३५६.०० जिम्मेवारी अ.ल्या.सारेको देखिएको छ।गाउँपालिकाले म्यानुअल रूपमा एकीकृत आ.वि. तयार गरी लेखापरीक्षणको लागि पेश गरेकोमा गत वर्षको जिम्मेवारी रू ६९९३८८७४.२४ देखाएको कारण समग्रमा म.ले.प.फा.नं. २७० भन्दा रू. ३६८८४८१.७६ घटि जिम्मेवारी सारेको हिसाब समायोजन गरी हिसाव मिलान गरेको देखिएन। जिम्मेवारी फरक परेको कारण सहित हिसाब मिलान विवरण तयार गर्नुपर्दछ।

**बैंक हिसाव विवरणः-** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६अनुसार गाउँपालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र वैंक हिसाव मिलान (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाव भिडान समेत गर्नु पर्दछ ।गाउँपालिकाले बैंङ्क हिसाव मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा श्रेस्ता भन्दा बैंङ्कमा रू २१८१०८२.७७ बढी मौज्दात रहेको देखियो।गाउँपालिकाले म.ले.प.फा.नं. २१२ तयार गरी श्रेस्ता र बैंङ्कबीच हिसाव मिलान गर्नु पर्दछ।

| विवरण | श्रेस्ता अनुसार मौज्दाज | बैक स्टेटमेन्ट अनुसार | फरक |
|---|---|---|---|
| स्थानिय कोष | ६९३४१०.०० | ८९२०५७.०० | १९८६४७.०० |
| धरौटी | ६९२८१७.०० | २२१५६८८.२४ | १५२२८७१.२४ |
| विविध खाता | १३३६३२३.०० | १७९५८८७.५३ | ४५९५६४.५३ |
| | **२७२२५५०.००** | **४९०३६३२.७७** | **२१८१०८२.७७** |

सैद्धान्तिक बेरुजु

२.६ **धरौटी, आकस्मिक कोष, अन्य कोषको मौज्दात थप/घटः-** म.ले.प.फा.नं. २७० को प्राप्ति र भुक्तानी को एकीकृत वार्षिक प्रतिवेदनमा धरौटी लगायत अन्य कोषको आम्दानी र खर्च समेटेको देखिदैन । धरौटी, आकस्मिक कोष लगायत अन्य कोषको मौज्दात थप/घट भनि रू (६१,५७,१९९.००) समावेश मात्र गरेको छ। स्रेस्ता अनुसार मौज्दातमा रू ४९०३६३२.७७ हुनु पर्नेमा रू (६१,५७,१९९.००) मात्र देखीएकोले घटि देखिएको रकम रू ११०६०८३१.७७ को हिसाव यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२.७ **फरक हिसाबः** गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) र गाउँपालिकाले सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरणमा यस वर्षको प्राप्ति, भुक्तानी र बैङ्क मौज्दातमा निम्नानुसार फरक परेको छ । फरक हिसाब सम्बन्धमा यकिन गरी पेश गर्नु पर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७० | ७३६२७३५६।०० | २७६८७६६६२।४४ | ३१६३०१४७३ | ३४२०२५४५।४४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६९९३८८७४।२४ | ३९१४८८३०४।९७ | ४२७१२२०६७।४२ | ३४३०५१११।५६ |
| **फरक** | ३६८८४८१।७६ | (११४६११६४२।५३) | (११०८२०५९४।४२) | (१०२५६६।१२) |

सैद्धान्तिक बेरुजु

२.८ **खर्च बिश्लेषणः-** यस वर्ष कुल आन्तरिक आयबाट रू १८७१२४८.३२ राजस्व बाँडफाँड र अनुदान (अन्तर सरकारी अख्तियारी बाहेक) रू ३०१७३९८०४.१२ समेत रू. ३०३६११०५२.४४ आम्दानी भएकोमा चालु तर्फ रू २१०७०३५४९.६५ र पुँजिगत तर्फ रू १०७६७६४३०.०० समेत रू ३१८३७९९७९.६५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५८ प्रतिशत रहेको छ

। यस वर्ष पदाधिकारी सुबिधामा रू ४४९५६८०.०० खर्च भएको छ जुन आन्तरिक आयको २४०.२५ प्रतिशत रहेको छ। गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.१८ प्रतिशत चालु र ३३.८२ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२.९ **दुई लेखाव्यवस्थापन गर्ने सफ्टवेयर प्रणालीः-** एउटा कार्यालयमा एक लेखा सफ्टवेयर प्रणाली हुनुपर्दछ र यदि एक भन्दा बढी लेखा सफ्टवेयर प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा सफ्टवेयर प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनु पर्दछ । स्थानीय तहमा दुई लेखा प्रणाली SUTRA (Sub-National Treasury Regulatory Application) र CGAS(Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएको छ । ती दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। गाउँपालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रविष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै सफ्टवेयर प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध कार्यान्वयन हुने नहुँदा त्यस्ता आयोजनाको कुल खर्च समेत यकिन गर्न नसकिने स्थिति छ । अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमाा मात्र अभिलेख गरिने हुँदा SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७० मा समावेश हुन नसक्ने देखियो । सोका कारण वर्षभरि भएको कारोवारको वास्तविक प्रतिवेदन समेत प्राप्त नहुने र एकै कार्यक्रममा दुई सफ्टवेयर प्रणालीबाट खर्च लेख्दा सो खर्च दोहोरो हुन नदिन लेखाप्रणालीले नियन्त्रण गर्न सक्ने अवस्था देखिएन । एक निकायमा एक लेखाव्यवस्थापन गर्ने सफ्टवेयर प्रणाली लागू गर्नुपर्ने र दुई लेखाव्यवस्थापन गर्ने सफ्टवेयर प्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) तर्जुमा गरी सबै स्थानीय तहहरूलाई कार्यान्वयन गर्न मिति २०७८।०८।१३ मा परिपत्र गरेको छ ।हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन ।जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **प्रशासकिय संगठन तथा कर्मचारी दरबन्दी्**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा गाउँपालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता एवं विशिष्टतालाई ध्यानमा राखि कर्मचारी समायोजन पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था उल्लेख छ।कर्णाली प्रदेश (स्थानिय सेवाको गठन, सञ्चालन) ऐन २०८१ दफा ५ मा संगठन व्यवस्थापन सर्वेक्षण समितिबाट पेश भएको प्रतिवेदन गाँउसभावाट स्वीकृत दरबन्दी बमोजिमको पद प्रदेश कर्मचारी अभिलेखालयमा दर्ता गरी सोको

जानकारी मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा दिनुपर्ने व्यवस्था छ।साथै सोहि ऐनको दफा ११ मा प्रमुख प्रशासकिय अधिकृतले ऐन प्रारम्भ हुँदाका बखत स्थानिय तहमा रहेका कर्मचारीको स्थायी दरबन्दी विवरण एक महिना भित्र प्रदेश अभिलेखालयमा पठाउनुपर्ने व्यवस्था छ।कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयमा साविकमा ५२ जना स्थायी दरबन्दी रहेकोमा कार्यालयले सगठन तथा व्यवस्थापन सर्वेक्षण साबिकको दरबन्दीमा कार्यालय सहयोगी, सवारी चालक, प्राविधिक गरी २६ नयाँ दरबन्दी थप गरी कुल स्थायी दरबन्दी ७८ मिति २०७९।०२।१९ मा गाउँसभाबाट स्वीकृत भएता पनि कानुन अनुसार स्वीकृत दरबन्दी बमोजिको पद प्रदेश कर्मचारी अभिलेखालयमा दर्ता गरेको देखिँदैन।कार्यालयको दरबन्दी तथा पदपूर्ति विवरणमा कुल दरबन्दी संख्या ७८ मा स्थायी प्रशासनिक तथा प्राविधिक तर्फ ३४, करार तर्फ २६ तथा कार्यक्रम तर्फ २१ समेत ९९ जना कर्मचारीहरू कार्यरत र १८ दरबन्दी रिक्त रहेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

५ **कानून तर्जुमा तथा कार्यन्वयनको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा गाउँपालिकाले हालसम्म २१ ऐन, ६ नियमावली, २५ कार्यविधि, १ निर्देशिका, १ नीति, ३ आचारसंहिता मापदण्ड र १ अन्य कानून समेत ५८ वटा कानून गरी गाँउ सभाबाट स्वीकृत गरेता पनि ५ वटा कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन । उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

६ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार अन्तर्गत पञ्जिकरण सम्वन्धी व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ।

| विवरण | जम्मा |
|---|---|
| जन्मदर्ता | २२५ |
| मृत्युदर्ता | ११ |
| बसाईसराई दर्ता | ५ |
| विवाह दर्ता | १२ |
| सम्बन्धविच्छेद दर्ता | १ |

सेवा प्रवाह लाई चुस्त दुरूस्त एवं प्रभावकारी बनाउन गाउँपालिकाले प्रविधि मैत्री प्रणालीमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **त्रैमासिक पूँजीगत खर्च**

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि ३ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नु पर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| कुल बजेट खर्च | त्रैमासिक खर्च (रू. हजारमा) | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १०७६७६ | ० | १४२३३ | ६०२६ | ८७४१७ | ७१७२६ |
| खर्च प्रतिशत | ० | १३.२ | ५.६ | ८१.२ | ६६.६ |

गाउँपालिकाको पुँजिगत तर्फ रू १० करोड ७६ लाख ७६ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा खर्च भएको देखिएन, दोस्रो त्रैमासिकमा रू १ करोड ४२ लाख ३३ हजार (१३.२ प्रतिशत), तेस्रो त्रैमासिकमा रू ६० लाख २६ हजार (५.६ प्रतिशत) र चौथो त्रैमासिकमा रू ८ करोड ७४ लाख १६ हजार (८१.२प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू ७ करोड १७ लाख २६ हजार (६६.६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्न सक्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ८ क्षेत्रगत वजेट

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (३) (ख) मा स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने र सोही दफाको ३ (घ) मा विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने व्यवस्था छ । गाउँपालिकाको क्षेत्रगत रूपमा संशोधित बजेट रू ३९ करोड ८६ लाख ९६ हजार रहेकोमा खर्च रू ३१ करोड ६३ लाख ०१ हजारको खर्च भई समग्र रुपमा ७९.३३ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्चको स्थति निम्नानुसार रहेको छ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २०४६३००० | १५४९०२४६ | ४.८८ |
| २ | पूर्वाधार विकास | १२२४९०८०९ | ८०६१२२०६ | २५.४७ |
| ३ | सामाजिक विकास | १३३०७९००० | ११३१०५२७३ | ३५.७५ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ९४३०००० | ९२३१४०८ | २.९ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ११३२३४११६ | ९७८६२३४० | ३१ |
| **जम्मा** | | **३९८६९६९२५** | **३१६३०१४७३** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासतर्फ सबैभन्दा बढी ३५.७५ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासन २.९ प्रतिशत रहेको छ । यसरी हेर्दा गाउँपालिकाको संस्थागत विकास, सेवा प्रवाह र सुशासन विकासमा तर्फ बजेट न्युन रहेको देखिन्छ। कार्यालय संचालन तथा प्रशासनिक तर्फ कुल खर्चको ३१ प्रतिशत खर्च भएको देखिन्छ। गाउँपालिकाले सबै क्षेत्रमा समानुपतिक हुने गरी बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ९ कार्यान्वयन नभएका योजना

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(३) मा खर्च गर्ने अख्तियार प्राप्त भएको रकम बजेटको परिधि भित्र रहि खर्च गर्ने उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ को बजेट, नीति तथा कार्यक्रमा विकास निर्माणका योजना कार्यान्वयन गर्नुपर्ने उल्लेख गरेको छ।पालिकाले निम्न बमोजिका योजना वजेटमा व्यवस्था गरेतापनि कार्यान्वयन गर्न सकेको देखिएन।बजेट, नीति तथा कार्यक्रमा तोकिएका योजनाहरु कार्यान्वयन गरी प्रभावकारी रुपमा विकास निर्माणको कार्य गरिनुपर्दछ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | विनियोजन |
|---|---|---|---|
| १ | तुम्कोट बगरदेखि तिल्जुङसम्म मोटरबाटो निर्माण | कर्णाली प्रदेश - समपुरक अनुदान पुँजीगत | १००००००० |
| २ | आ व २०८०।८१ को म्याचिङ फण्ड | आन्तरिक श्रोत | २१०९५१९ |
| ३ | वडा कार्यालय भवन निर्माण वडा न १ | आन्तरिक श्रोत | १५०००००० |
| ४ | नम्डुक गुम्बा मर्मत | कर्णाली प्रदेश - समानिकरण अनुदान | ६५०००० |
| ५ | सफ्टवयर अपडेट तथा खरीद खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | ५००००० |
| ६ | टेलिकम टावर सामान ढुवानी | नेपाल सरकार - समानिकरण अनुदान | ३००००० |
| ७ | गुम्बा गाउँदेखि नेल्मा सम्म गोरेटो बाटो मर्मत | कर्णाली प्रदेश - समानिकरण अनुदान | २५०००० |
| ८ | निर्माण सामाग्री खरिद | नेपाल सरकार - समानिकरण अनुदान | २००००० |
| ९ | जाङ गुम्बा व्यवस्थापन वडा न ६ | नेपाल सरकार - समानिकरण अनुदान | २००००० |
| १० | कानी स्तुपा प्लाष्टर तथा पेन्टिङ | कर्णाली प्रदेश - समानिकरण अनुदान | २००००० |
| ११ | स्वास्थ्य ईकाइ भवन प्लाष्टर वडा न २ | नेपाल सरकार - समानिकरण अनुदान | १००००० |
| १२ | ल्हासा छोर्तेन निर्माण | कर्णाली प्रदेश - समानिकरण अनुदान | १००००० |
| १३ | गाउँपालिकाका विभिन्न टुक्रे योजना | नेपाल सरकार - समानिकरण अनुदान | ८०००० |
| | **जम्मा रू** | | **१६१८९५१९** |

सैद्धान्तिक बेरुजु

## १० विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यक्रम संचालन भएको प्रमाण, उपस्थिति लगायतका प्रमाण संलग्न गरी विभिन्न समयमा भएको विविध खर्च शीर्षकबाट रू.२१८०१४७५.०० खर्च गरेको देखियो।गाँउपालिकाले विविध खर्च शीर्षकबाट फुटकर खर्चमात्र गर्नुपर्नेमा सोलार जडान वापत २१३५९१८.००, सोलार समाग्री ढुवानी वापत १५७९१५५.००, आउटलुक सप्लायर्स भुक्तानी ७२२८५०.००, वल्डलिङ्क महशुल ५४२९४०.००, कर्मचारी सञ्चयकोष कट्टी ४१७००९.०० जस्ता लगायतका कार्यक्रम समावेश गरी भुक्तानी गरेको देखियो सम्बन्धीत कार्यक्रम अनुसार कार्यक्रमगत शीर्षकबाट भुक्तानी गरी विविध खर्चबाट फुटकर खर्चमात्र भुक्तानी गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ११ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीयतहको रकमबाट आर्थिक सहायता चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा एवं बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्नेमा यस वर्ष रू ८६५०००.०० आर्थिक सहायता वितरण गरेका पाइयो । गाउँपालिकाको आन्तरिक आम्दानी रू १८७१२४८.३२ भएको अवस्थामा आम्दानीको करीब ४६.२२ प्रतिशत आर्थिक सहायता बाढ्नमा नै खर्च गरेको पाइयो। बित्तिय समानिकरणबाट वितरण गर्ने कार्यलाई नियन्त्रण गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## १२ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार गाउँपालिका भित्र ८ वटा सहकारी संस्था रहेका छन्। गाउँपालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली २०६४ को नियम १० मा दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी विधि को १ मा एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालयबाट बीस किलोमिटरभन्दा बढी दुरी भएको अर्को कार्यालयमा सरूवा बढुवा वा कायम मुकायम मुकरर भई जाने कर्मचारीलाई दैनिक भ्रमण भत्ता दिन सक्ने व्यवस्था छ।गाउँपालिकाले कुन कुन वडामा जादा कति कोष हुन्छ भनि प्रमाणित नगरि वडामा जादा आउदा भ्रमण भत्ता पाउने गरि भुक्तानी गरेको देखिन्छ ।गाउँपालिकाको चालु खर्च तर्फ भ्रमण खर्चमा रू. ६६५०२९/- र अनुगमन खर्च रू ३४२३३२४/- समेत रू ४०८८३५३/- भुक्तानी गरेको देखिन्छ । पालिकाले कति कोष टाढा हो भनि प्रमाणित गरी भ्रमण खर्च दिनुपर्दछ । २० किलोमिटर भन्दा कम दुरिमा दैनिक भ्रमण भत्ता दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित नभएको, नियमानुसार भ्रमण अभिलेख खाता नरहेको, भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ । कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा मितव्ययीता कायम गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारी तथा कर्मचारीले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। गाउँपालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **पेश्की बाँकी(६-२०८१/०३/२४)**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी, व्यक्ति, फर्म, संस्थाले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाबाट प्राप्त विवरण अनुसार अस्पताल भवन निर्माणका लागि सुनकोशी काग्री जेभीलाई उपलब्ध गराएको पेश्की रू ५३६००००.०० फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । बाँकी देखिएको पेश्की नियमानुसार समयमै फर्स्यौट गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्क्रमको मूख्य उद्देश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरी उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरी आर्थिक विकासमा योगदान पुर्‍याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। कार्यविधि अनुसार बेरोजगार युवाको लगत तयार गरी उनिहरूलाई रोजगारको अवसर प्रदान गरी

उनीहरूको आर्थिक विकासमा सहयोग पुऱ्याउने योजना संचालन गर्नुपर्नेमा सो अनुसार संचालन भएको देखिदैन। तसर्थः कार्यक्रमको मुल मर्म अनुसार कार्यक्रम सञ्चालन गरी आर्थिक विकासमा योगदान पुग्ने गरी गर्नु पर्दछ । स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेकोछ । यस कार्यक्रम अन्तर्गत स्थानीयतह भित्रका वडाहरूमा गोरेटो बाटो निर्माण खानेपानी मर्मत नाली सरसफाई मोटर बाटो मन्दिर निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी ६ वडामा यस वर्ष ८५ जना लाई रोजगारी उपलव्ध गराई रू ६२७३२४७ खर्च गरेको छ ।लक्षित वर्गलाई औषत दिन ८२ दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ।उक्त खर्च वाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।

| वडा नं | कार्यक्रम/योजना संचालन | विनियोजित बजेट | जम्मा खर्च रकम | ज्यालामा भएको खर्च | रोजगार संख्या | औषत रोजगारी दिन |
|---|---|---|---|---|---|---|
| १ | वडा कार्यालय फिल्ड निर्माण | १०००० | १००००० | १००००० | २ | ११० |
| २ | च्या टोक्सा देखि टाकसरचेन सम्म घेरबार | ४००००० | ४००००० | ३९६११८ | ६ | ४३५ |
| ३ | स्यामुछे साँगु देखि कब्बे सम्म घोरेटो बाटो निर्माण र स्वास्थ्य चौकी घेरबार | १०४०००० | १०४०००० | ९५०८७५.०२ | १३ | ११३१ |
| ४ | हान्दिन देखि टाक्लेनचेन सम्म घोरेटो बाटो निर्माण | २०००००० | १८८८१०५ | १८६९२२४ | २५ | २१७५ |
| ५ | सामुदायिक स्वास्थ्य इकाई घेरबार | ३००००० | ३००००० | ३००००० | ५ | ३३० |
| ६ | छुरालुङवा देखि कोङगा सम्म खेतियोग्य घेरबार | ९००००० | ९००००० | ८९१६७३.३ | ११ | ९७९ |
| ७ | लामा गाउँ देखि छाम्गाङ सम्म गोरेटो बाटो निर्माण | १६०००० | १२९८०० | १२८५०२ | २ | १७४ |
| ८ | ताङगिन मनि मानिलाकाङ फिल्ड निर्माण तथा मर्मत | ५००००० | ४९९०४२ | ४९७२९६.८ | ६ | ५४६ |
| ९ | याल्बाङ सामुदायिक भवन फिल्ड निर्माण | ४००००० | ४००००० | ३९६११८ | ५ | ४३५ |
| १० | वडा कार्यालय पलाष्टर तथा स्वास्थ्य चौकी फिल्ड निर्माण | ३००००० | २९८०७५ | २९६९२०.०८ | ५ | ३२६ |
| ११ | छुईजाने गोरेटो बाटो निर्माण तथा मर्मत | ३२२००० | ३१८२२५ | ३१५०४२.७५ | ५ | ३५० |
| | | ६३३२००० | ६२७३२४७ | ६१४१९३० | ८५ | ६९९१ |

सैद्धान्तिक बेरुजु

१७ **खर्चमा आन्तरिक आयको प्रतिशत**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३१८३७९९७९.६५ | १८७१२४८.३२ | ०.५८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.५८ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१८ **राजस्वको अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयले राजस्वको आम्दानी जनाउँदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भएतापनि त्यस्तो राजस्व स्वीकृत राजस्व बर्गिकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हसवली राजस्व आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्दान्त अनुरूप राजस्व लेखा आद्यावधिक गर्नुपर्दछ ।गाउँपालिकाको राजस्व अभिलेख व्यवस्थित गर्न आवश्यक महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म.ले.प. फारमहरू अद्यावधिक गरी राजस्वको हिसाब राख्नु पर्नेमा दैनिक राजस्व आम्दानी किताब म.ले.प.फा.नं. १०२, १०६ क, १०७, राजस्व प्राप्तीको बैंक नगदि किताब म.ले.प.फा.नं.१०८, राजस्व आम्दानीको मासिक फाँटवारी म.ले.प.फा.नं ११० लगायतका राजस्वको श्रेस्ताहरू अभिलेख राखेको पाइएन । आन्तरीक आय रू १८७१२४८।३२ प्राप्त भएकोमा प्राप्त राजस्व र प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा यकिन हुन सकिएन।गाउँपालिकाले राजस्व आम्दानीलाई पारदर्शी बनाउन सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई नियमानुसार राख्नु पर्ने खाता, अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ अनुमानित रू २००००००.०० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रू १८ लाख ७१ हजार अर्थात अनुमान भन्दा ६.४४ प्रतिशत कम आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२० **तलबी प्रतिवेदन**

कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८०, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | गाउँपालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रू १३५९५९७०.०० र गाउँपालिकाका तर्फ रू १४०३०१३५.00 समेत रू २७६२६१०५.०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **इन्धन खरिद**

मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को बूँदा ७.१.१६ अनुसार सवारी साधन सुविधा पाउने पदाधिकारीलाई ईन्धन सुविधा पाउने गरी मापदण्ड तयार गरेको छ । गाउँपालिकामा रहेका सवारी साधनमा डिजल र पेट्रोलले चल्ने सवारी साधनको छुट्टाछुट्टै अभिलेख राखी कुपन सिस्टमबाट इन्धन सुविधा उपलव्ध नगराएको र सवारी लकबुकको व्यवस्था पनि गरेको छैन । यस वर्ष गाउँपालिकाले गाडी १ र मोटरसाईकल ४ मा ईन्धनवापत रू २५५७५३१ खर्च गरेको छ । खर्चमा मितव्ययीता एबं आन्तरिक नियन्त्रण पद्धती अवलम्बन गरेको नदेखिएकोले आन्तरिक नियन्त्रण प्रणालीमा अनुसार उक्त खर्चमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **वित्तीय समानिकरणबाट शिक्षक तलब भुक्तानी**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ ले स्थानीय तहलाई वित्तीय समानिकरण अनुदान उपलब्ध गराउने व्यवस्था छ । स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्वन्धि निर्देशिका २०७४(२.५) मा स्थानिय सम्भावनालाई ख्याल गर्दै स्थानिय तहको श्रोत परिचालन गर्न योगदान पुर्‍याउने कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्नु पर्ने व्यवस्था छ । पालिकाले वित्तीय समानिकरणबाट निम्न बमोजिम शिक्षकहरूको तलब भत्ता वापत रकम रू २२४०४४८।००

भुक्तानी गरेको छ। शिक्षक आवश्यकता भएमा स्थायी नियुक्तिका लागि पहल गर्नु पर्ने र ससर्त अनुदानबाट नै स्थायी शिक्षकको तलब भत्ता व्यवस्था हुने भएकोले बित्तिय समानिकरणबाट यस्ता खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नु पर्दछ ।

| क्र स | विद्यालयको नाम | शिक्षकको नाम | श्रेणी | भुक्तानी |
| --- | --- | --- | --- | --- |
| १ | महाबौद्ध मा.वि. याल्वाङ् | पेमा डाडुल लामा | मा.वि. द्धितीय | २२४०४४८ |
| | | लक्ष्मि कुमारी कँडेल | मा.वि. द्धितीय | |
| २ | बुद्ध आ.वि. हेप्का | पेमा छेराप लामा | नि.मा.वि | |
| | | सुनाम डोल्मा लामा | प्रा. वि. | |
| ३ | सुनखानी आ.वि. हल्जी | कुमार शर्मा | प्रा. वि. तृतीय | |

सैद्धान्तिक बेरुजु

२३ **शिक्षक दरवन्दी र पदपूर्ति**

शिक्षा नियमावली, २०५९ को नियम ९२ मा मन्त्रालयबाट स्वीकृत दरवन्दीको आधारमा सामुदायिक विद्यालयहरुमा रहने शिक्षक दरवन्दी अनुसूची-१२ तथास्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) (११) मा सामुदायिक विद्यालयहरुको शिक्षक तथा दरवन्दी मिलान सम्वन्धी व्यवस्था रहेको छ । पालिकाबाट उपलब्ध विवरण अनुसारयस स्थानीय तह अन्तर्गत विभिन्न तहका १७ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालय नाम | शिक्षक दरबन्दी राहत र प्राबिधिक धार सहित | पदपूर्ति | करार संघ र गापा | IEMIS २०८२ अनुसार विद्यार्थी संख्या | शिक्षक/ विद्यार्थि अनुपात |
|---|---|---|---|---|---|---|
| १ | महाबौद्ध मा.वि, नाम्खा-४, याल्वाङ | १२ | १२ | ५ | २४० | २० |
| २ | बुद्ध आ. वि , नाम्खा-१, हेप्का | ४ | ४ | ३ | ८८ | २२ |
| ३ | तातोपानी आ. वि , नाम्खा-२, केर्मी | ४ | ४ | १ | ६४ | १६ |
| ४ | नमोडुछोमु आ. वि , नाम्खा-१, ताङगिन | ३ | ३ | ० | २७ | ९ |
| ५ | नाम्खा ख्योङजोङ आ. वि , नाम्खा-१, धिँगा | ३ | ३ | ० | २४ | ८ |
| ६ | नामुबुद्ध आ. वि , नाम्खा-१, गाडापारी | २ | २ | ० | ४ | २ |
| ७ | सत्य आ. वि , नाम्खा-३, जाँडखोल्सि | २ | २ | ० | १२ | ६ |
| ८ | मोतिराम आ. वि , नाम्खा-३, खगालगाउँ | ३ | ३ | ० | ३१ | १०.३ |
| ९ | च्याछरा आ. वि , नाम्खा-२, च्यादुक | ३ | ३ | ० | ७ | २.३ |
| १० | हिमालय आ. वि , नाम्खा-४, चाला | २ | २ | ० | ५ | २.५ |
| ११ | नाम्ख्यूङ महामाया आ. वि , नाम्खा-४, याल्वाङ | ० | ० | ० | ३०५ | ० |
| १२ | खासरपानी आ. वि , नाम्खा-५, मुचु | ३ | ३ | ० | १३ | ४ |
| १३ | खिरपानी आ. वि , नाम्खा-५, तुमकोट | २ | १ | १ | ५ | ५ |
| १४ | अरनिको आ. वि , नाम्खा-५, यारी | ३ | २ | ० | ५ | २.५ |
| १५ | सुनखानी आ. वि , नाम्खा-६, हल्जि | ३ | ३ | २ | ३१ | १०.३ |
| १६ | भृकुटि आ वि जाङ | २ | २ | ० | ० | ० |
| १७ | हिमशिखर आ वि तिल | २ | २ | ० | ० | ० |
| | जम्मा | ५३ | ५१ | १२ | ८६१ | |

यस पालिकामा १७ विद्यालयहरू संचालनमा रहेकोमा ५३ शिक्षक दरबन्दीमा ६३ पदपूर्ति भएको र पदपूर्तिमध्ये१२शिक्षक करारमा रहेको देखियो । ती विद्यालयहरूमा IEMIS अभिलेख अनुसार कुल विद्यार्थी सख्या ८६१ रहेको देखियो ।साथै विद्यार्थि संख्या शून्य भएको २ विद्यालय भृकुटि आ वि जाङ र हिमशिखर आ वि तिल रहेका छन । सामुदायिक विद्यालयहरूमा दरबन्दी तथा विद्यार्थी संख्या अनुपातको आधारमा शिक्षक पदपूर्ति भई पठनपाठनको व्यवस्था हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **सेनिटरी प्याड खरिद (२१७।२०८२।३।२३)**

सेनेटरी प्याड वितरण तथा व्यबस्थापन कार्यविधि, २०७६ मा खरिद गर्नु पर्ने प्याडको साईज तथा गुणस्तर तोकीएको छ । पालिकाले २७०० प्याकेट सेनेटरी प्याड प्रति प्याकेट मूल्य अभिबृद्धिकर समेत रु ८४.७५ को दरले २७०० प्याकेट रु २ लाख २८ हजार ८२५ मा खरिद गरेको छ । खरिदको लागत अनुमान तयार गर्दा आवश्यक परिमाण, गुणस्तर तथा बिद्यार्थिको मागको बिषयमा शिक्षा शाखासँग समन्वय भई पेश भएको अभिलेखबाट देखिएन । पालिकाले खरिद गरेको प्याड निम्न बिद्यालयमा हस्तान्तरण भएकोमा सम्बन्धित बिद्यालयको जिन्सि खातामा मौज्दात रहेको वा सम्बन्धित बिद्यार्थिले बुझेको यकिन संख्या स्पस्ट देखिने गरी अभिलेख राखेको छैन।

साथै सेनिटरी प्याडको सोचन क्षमता, औषधिय मापदण्ड तथा उपयोग अवधिको सम्बन्धमा गुणस्तर परिक्षण समेत गरी छात्राहरुको स्वस्थ्यमा सकरात्मक प्रभाव परेको छ भनि सुनिश्चित गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२५ **प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री (१२१।२०८२।३।१३)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सामाग्री व्यवस्थाका र क्रियाकलाप नं. २.७.१३.५० को शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रमका लागि तपसिल बमोजिमका विद्यालयहरुलाई रु.१९,७५,०००। अनुदान दिएकोमा अनुदानको रकमबाट डिजिटल सिकाई तथा शैक्षिक गुणस्तर सुधारका लागि के कति शैक्षिक सामाग्रीहरु खरिद गरियो सोको विवरण भौचर संलग्न नदेखिएकोले अनुदानको रकमबाट विद्यालयको समग्र शिक्षण सिकाई क्रियाकलापमा के कस्तो भयो भनि पालिकाबाट निरन्तर अनुमगन निरीक्षण गर्दै शैक्षिक गुणस्तर सुदृढीकरणमा ध्यान दिनुपर्दछ ।

| भौ.नं. मिति | विद्यालय | कार्यक्रम | रकम |
|---|---|---|---|
| | श्री महाबौद्ध माध्यमिक विद्यालय | प्रति विद्याथी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल | ६७५००० |
| २ | श्री महाबौद्ध माध्यमिक विद्यालय | शैक्षिक गुणस्तर सुदृढीकरण | ३००००० |
| ३ | श्री बुद्ध आधारभुत विद्यालय | शैक्षिक गुणस्तर सुदृढीकरण | २००००० |
| ४ | श्री नाम्ख्युङ्ग महामाया आधारभुत विद्यालय | शैक्षिक गुणस्तर सुदृढीकरण | ८००००० |
| जम्मा | | | १९७५००० |

सैद्धान्तिक बेरुजु

२६ **औषधी खरिद १२५।२०८२।२।२६ (शसर्त चालु)**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यसवर्ष पालिकाले रु ३२ लाख ४७ हजार को औषधी खरीद गरेको देखिन्छ । पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन । आपूर्ति भएका औषधि एवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर यकिन गर्न सकिएन । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणकोको छाप उल्लेख रहेको देखिदैन । पालिकाबाट खरिद गरिएका निम्नानुसारका केही औषधीहरुको म्याद १८ महिना भन्दा कम देखिएकाले आपूर्ति हुने औषधिको उत्पादन मिति, ब्याज नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने व्यबस्था मिलाउनु पर्दछ ।

| भौ.**नं. मिति** | औषधी नाम | संख्या | रकम | दाखिला मिति | म्याद समाप्त हुने मिति |
|---|---|---|---|---|---|
| १७।२०८१।७।१४ | Amp cloxacillin cap | ३५०० | ४२००० | २०८१।९।१६ | २०८२।१०।१९ |

सैद्धान्तिक बेरुजु

२७ **दाखिला नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई, PAMS दाखिला र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात

अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । सबैको लागि दिगो खानेपानी सरसफाई तथा स्वस्छ परियोजना (SUSWA) अन्तर्गत वास सहजकर्ता श्री कार्वु लामाको पेस्की फछ्यौट संलग्न बिल भौचरमा निम्न अनुसारका सामाग्रीहरु खरिद गरेकोमा PAMS मा दाखिला गरेको नदेखिएकोले दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रू.

| सि.नं. | सामाग्रीको नाम | रकम |
|---|---|---|
| १ | PVC Pipe | १०५०९० |
| २ | OPC cement | १२००५१ |
| जम्मा | | २२५१४१ |

| प्रमाण पेश नगरेको | २,२५,१४१ |
|---|---|

२८ **तलब भत्ता बढी निकासा ( शसर्त चालु )**

शिक्षा नियमावली, २०५९ को नियम १ (७९) मा कुनै कामको लागि आवश्यक भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने व्यवस्था छ । निम्नानुसारको विद्यालयहरुमा विद्यालयहरुले माग गरेको भन्दा बढी निकासा भएको देखिएकोले बढी निकासा रकम सम्वन्धित विद्यालयहरुबाट असुल गर्नुपर्ने रू.

| भौ. नं . मिति | विद्यालय | त्रैमासिक | माग रकम | निकासा | बढी निकासा |
|---|---|---|---|---|---|
| ४।२०८१।१२।३१ | बुद्ध आधारभुत विद्यालय हेम्का | तेस्रो त्रैमासिक | ८५९३९४ | ८९३३९४ | ३४००० |
| ४।२०८१।१२।३१ | सुनखानी प्रा.वि.हल्जि लिमि | तेस्रो त्रैमासिक | ६९५३९६ | ७१८३९६ | २३००० |
| १४२।२०८२।०३।०८ | महाबौद्ध माध्यमिक विद्यालय | चौथो त्रैमासिक | १९६९१११ | १९८०९९१ | ११८८० |
| २०८१।९।१ | महाबौद्ध माध्यमिक विद्यालय | दोस्रो त्रैमासिक | १९५५४७७ | १९९२४७७ | ३७००० |
| २०८१।९।१ | बुद्ध आधारभुत विद्यालय हेम्का | दोस्रो त्रैमासिक | ८०९७५४ | ८२४७५४ | १५००० |
| २०८१।९।१ | सुनखानी प्रा.वि.हल्जि लिमि | दोस्रो त्रैमासिक | ५३०१६५ | ५३८१६५ | ८००० |
| २०८१।९।१ | हिमशिखर प्रा.लि.तिल लिमि | दोस्रो त्रैमासिक | ३१८३५२ | ३२६३५२ | ८००० |
| २०८१।९।१ | खासरपानी आ.वि.मुचु | दोस्रो त्रैमासिक | ३४०९५२ | ३४९९३२ | ८९८० |
| जम्मा | | | ७४७८६०१ | ७६२४४६१ | १४५८६० |

| असुल गर्नुपर्ने | १,४५,८६० |
|---|---|

२९ **निस्कृय खाता (सामाजिक सुरक्षा भत्ता)**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा पालिकाको सबै प्रमु बैंक र पालिकाबीच द्विपक्षीय सम्झौता भई पालिकाभित्र रहेका ५ वटै वडाहरुको सामाजिक सुरक्षा विद्युतीय भुक्तानी प्रणाली (EFT) बाट वितरण गरेको छ । यस आर्थिक वर्षमा पालिकालाई रु. ३,७२,४१,८७८।- बिनियोजन भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालय, हुम्लाबाट बैंकलाई रु ३,७२,४१,८७८। निकासा दिएको छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले निस्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । आ.व. २०८१।८२ सम्मको निस्कृय खाताको विवरण माग गर्दा श्री सिटिजेन्स बैंकको च.नं. ००३ मिति २०८२।५।१७ को पत्रबाट १९४ जनाको खाता G2P Dormant रहेको र उक्त खातामा रु १५,५१,३२४.८१ रहेको भनि विवरण प्राप्त भएकोले उक्त लाभग्राहीहरुको खाता के कति कारणले निस्कृय रहेको हो यकिन गरी प्रमाण पेश गर्नु पर्ने रू

| प्रमाण पेश नगरेको | १५,५१,३२४.८१ |
|---|---|

३०	**समानीकरण अनुदानबाट आर्थिक सहयोग**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ ले स्थानीय तहलाई वित्तिय समानिकरण अनुदान उपलब्ध गराउने व्यवस्था छ ।स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वियन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्वन्धि निर्देशिका २०७४(२.५) मा स्थानिय सम्भावनालाई ख्याल गर्दै स्थानिय तहको श्रोत परिचालन गर्न योगदान पुर्‍याउने कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले सो व्यवस्था अनुसार विकास निर्माणमा कार्यमा मात्र खर्च गर्नु पर्नेमा निम्नानुसार चालू प्रकृतिको कार्यमा रू. १४५३०००/- खर्च गरेको छ।बित्तिय समानिकरणबाट यस्ता चालू प्रकृतिका खर्च गर्ने कार्यलाई नियत्रन्ण गर्नु पर्दछ ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | बिभिन्नलाई आर्थिक सहयोग | ९६५०००/- |
| २ | मनासरोवार बहुमुखी क्याम्पसलाई आर्थिक सहयोग | २०००००/- |
| ३ | सुनखानी आधारभूत विद्यालयलाई आर्थिक सहयोग | २८८०००/- |
| | जम्मा रू | १४५३०००/- |

सैद्धान्तिक बेरुजु

३१	**सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले बस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी र टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रू १० लाख सम्मको मालसमान खरीद कार्य सोझै गर्न सकिने, नियम ८४ मा रू १० लाख भन्दा माथि रू २० लाख सम्म सिलवन्दी दरभाउ पत्रबाट र सो भन्दा माथि वोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यालय सामान, सोलार सामाग्री, मेसिनरी औजार मर्मत, समान ढुवानी, इन्धान जस्ता विभिन्न प्रकृतिका सामान सुविधाका आधारमा सोझै खरिद गरी भुक्तानी गर्ने गरेको पाइयो । माग आवश्यकता पहिचान गरी खरिद योजनामा समावेश गराई प्रतिस्पर्धी विधिबाट खरिद गर्न सकिने कार्य समेत एकै प्रकृतिका काम टुक्रा टुक्रा गरी प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिद विधिद्वारा खरिद गरेको देखिन्छ । गाउँपालिकाले निम्न फर्म सँग कार्य तथा मालसामान खरिद गर्दा सोझै गरी रू.३२५१९५४/- भुक्तानी गरेको छ । एकै किसिमका कार्यलाई टुक्रा पारी पटक पटक खरिद गर्ने कामलाई नियन्त्रण गर्नु पर्छ ।

| गो.भौ.नं. र मिति | आपुर्तक | खरिदको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ७४-०८१/०८/२५ | मक्कु इन्टरनेशनल प्रा.लि., भक्तपुर | डोजर मर्मत | ९१६८८२/- |
| ४१८-०८२/०३/२५ | मालिका महादेव सप्लायर्स, हुम्ला | कार्यलय समान | १९५०६८/- |
| ४२०-०८२/०३/२५ | मालिका महादेव सप्लायर्स, हुम्ला | समान ढुवानी | ११८३४५९/- |
| २१३-०८१/१२/१६ | मालिका महादेव सप्लायर्स, हुम्ला | इन्धन, कार्यालय समान | ९५६५४५/- |
| | | जम्मा रू | ३२५१९५४/- |

सैद्धान्तिक बेरुजु

३२	**टुक्रे योजना**

स्थानिय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ को बुदा नं ५.४ मा गाउपालिकाको वार्षिक योजना तथा बजेट तर्जुमा कार्यान्वियन गर्दा तीनै तहको आवधिक योजना, मध्यमकालिन खर्च संरचना, विकासको अन्तर सम्बन्धित विषयहरु लगायतका विषयमा ध्यान दिनुपर्ने उल्लेख छ । माथीका विषयलाई ध्यान नदिई २८ वटा टुक्रे योजनामा रू ३५०००।०० देखि २०००००।०० सम्मका वजेट व्यवस्था रू ३९०२०००।०० गरी रू ३६७९९५५।०० खर्च गरेको छ । विपद व्यवस्थापन सम्बन्धि कतिपय योजना समेत कार्यान्वयनमा ल्याएको

छ । प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन सम्बन्धि कार्यको लागि विपद व्यवस्थापन कोषबाट खर्च गर्नुपर्दछ भने अन्य कार्यक्रम तथा योजना दिग्दर्शनमा उल्लिखित विषयलाई ध्यानमा दिई योजना तर्जुमा तथा कार्यान्वयन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३३ **कन्टिजेन्सी**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) र सोही नियमावलीको अनुसूची-१ मा तोकिए बमोजिम वर्क चार्ज स्टाफ २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी लागत अनुमानमा थप गर्न पाउने व्यवस्था छ। यस गाउँपालिकाले लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सि खर्च गर्न सकिने मान्यता राखि कन्टेन्जेन्सी खर्च हुँदै आएको छ। यसरी खर्च गर्दा योजना बनाई खर्च गर्नुपर्नेमा गाउँपालिकाले कन्टिन्जेन्सि योजना तयार नगरी रू.११२२३५५।०० एकमुष्ट खर्च लेखेको छ। योजनागत कन्टिन्जेन्सि खर्च खाता राखेको देखिएन। कार्यालय सम्बन्धी खर्च लगायत शीर्षकमा चालु खर्च शीर्षकबाट समेत विनियोजन भै निकासा लिई खर्च गरेकोमा कन्टिन्जेन्सीबाट समेत खर्च गरेको अवस्था छ। कन्टिन्जेन्सी रकमबाट कार्यालय सामान लगायतको खर्च गर्दा सोझै बजारबाट खरिद गरी खर्च लेखेको देखिएको छ। वार्षिक खरिद योजनामा समावेश गरी नियमको प्रावधान अनुसार खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ। सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ को बुँदा नं ५ मा कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा समेत खर्च प्रविष्टि गरेको हुनु पर्ने उल्लेख भएकोमा सोको पालना गरेको देखिएन । निर्देशिकाको व्यवस्था पालना नभएको कारण यस्तो खर्च कानुनले तोकेबमोजिम सही रूपमा भए नभएको यकिन गर्न सकिने अवस्था देखिएन।

सैद्धान्तिक बेरुजु

३४ **ढुङ्गाको गारो लगाउने कार्य**

सार्वजानिक खरिद ऐनको दफा ५७ मा सार्वजानिक निकायले बिल बिजकको भुक्तानी खरिद संझौताको अधिनमा रहि तोकिए बमोजिम दिनुपर्ने उल्लेखछ । एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत १५ शैया आधारभुत अस्पताल निर्माणको ड्रईङ्ग डिजाईन तथा डिपिआरमा उल्लिखित केही आईटम भित्रको कार्यमा निम्नानुसार कम्बाईन फुटिङ्गमा उचाई ०.८० हुनु पर्नेमा ०.८५ मिटर लगाई २८१.५१ घनमिटरको भुक्तानी हुन पर्नेमा २६४.९५ घनमिटर गरी १६.५६ घनमिटर बढी परिमाणको तथा न्युमेरिकल र अल्फावेटिकल ग्रिडमा ०.३० चौडाई हुनपर्नेमा ०.४० मिटर लगाई १२५.२२ घनमिटरको भुक्तानी हुन पर्नेमा २६६.९६ घनमिटर गरी ४१.७४ घनमिटर बढी परिमाणको काम गरेको नापी किताबको आधारमा भुक्तानी गरेको छ । भेरियसन अडरको प्रक्रिया थालनी गरी पालिकाबाट भेरियसनको लागि सम्बन्धित मन्त्रालयमा पठाउने निर्णय मिति २०८२।३।९ मा गरेको छ । विस्तृत आयोजना प्रतिवेदन (DPR) मा तोकिएको भन्दा बढी परिमाणको काम गराई भुक्तानी गरेको नियम सम्मत नदेखिएको रू.

| stone massonary work: pcc for rcc workm20(1:1.5:3) | | | | | | |
|---|---|---|---|---|---|---|
| combining footing | no. | length | total length(a) | breath(b) | hight (c)=0.85-.80=0.05 | Quantity(m3)=a*b*c |
| footing cf1 | 1 | 2.5 | 2.5 | 7 | 0.05 | 0.875 |
| footing cf2 | 1 | 3 | 3 | 7 | 0.05 | 1.05 |
| footing cf3 | 1 | 3 | 3 | 7.2 | 0.05 | 1.08 |
| footing cf4 | 1 | 10.2 | 10.2 | 3 | 0.05 | 1.53 |
| footing cf5 | 1 | 72 | 7.2 | 3 | 0.05 | 1.08 |
| lift pit | 1 | 18.1 | 18.1 | 10.9 | 0.05 | 9.8645 |
| L-section | 1 | 7.2 | 7.2 | 3 | 0.05 | 1.08 |
| Total quantity | | | | | | 16.56 |
| Rate | | | | | | 50000 |
| Total without vat | | | | | | 827975 |
| vat | | | | | | 107637 |
| Total with vate | | | | | | 935612 |
| stone massonary work: (1:6) | | | | | | |
| Numerical Grid | no. | length | total length(a) | breath(b)=(.40-.30) | hight © | Quantity(m3) |
| (1-1) | 1 | 39 | 39 | 0.1 | 1.4 | 5.46 |
| (2-2) | 1 | 39 | 39 | 0.1 | 1.4 | 5.46 |
| (3-3) | 1 | 39 | 39 | 0.1 | 1.4 | 5.46 |
| (4-4) | 1 | 39 | 39 | 0.1 | 1.45 | 5.66 |
| (5-5) | 1 | 6.5 | 6.5 | 0.1 | 1.45 | 0.94 |
| Alphabetical Grid | 1 | 19.5 | 19.5 | 0.1 | 1.45 | 2.83 |
| (E-E) | 1 | 11.1 | 11.1 | 0.1 | 1.45 | 1.61 |
| (F-F) | 1 | 26 | 26 | 0.1 | 1.45 | 3.77 |
| (G-G) | 1 | 26 | 26 | 0.1 | 1.45 | 3.77 |
| (H-H) | 1 | 7.8 | 7.8 | 0.1 | 1.45 | 1.13 |
| (I-I) | 1 | 19.5 | 19.5 | 0.1 | 1.45 | 2.83 |
| (J-J) | 1 | 19.5 | 19.5 | 0.1 | 1.45 | 2.83 |
| Total quantity | | | | | | 41.74 |
| Rate | | | | | | 30000 |
| Total without vat | | | | | | 1252215 |
| vat | | | | | | 162788 |
| Total with vate | | | | | | 1415003 |

| | |
|---|---|
| अनियमित भएको | २३,५०,६१५ |

३५ **एक करोड माथीको लागत अनुमान**

सार्वजानिक खरिद नियमावली २०६४ को नियम ९७(१) मा एक करोड रूपैयासम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिताबाट गराउने सकिनेछ । कैलाश मानसरोबर भ्यू क्षेत्र निर्माण कार्य र लिमि लाप्चा भ्याली पर्यटकीय पूर्वाधार निर्माण कार्य रू १ करोड माथीको लागत अनुमान भएको काम उपभोक्ता समितिबाट गरेको देखिन्छ । कानुनको परिपालना गरी लागत वजेट सिमा १ करोड सम्म मात्र उपभोक्ता समितिबाट निर्माण कार्य गराउनुपर्दछ ।

| विवरण | लिमि लाप्चा भ्याली पर्यटकीय पूर्वाधार निर्माण रु | कैलाश मानसरोवर भ्यू क्षेत्र निर्माण रू |
|---|---|---|
| निर्माण कार्य लागत रू | ९८९३९७७ | ९२४१२३० |
| १५ प्रतिशत ओभरहेड | १४८४०९७ | १३८६१८५ |
| ४ प्रतिशच कन्टिजेन्सी | ३९५७५९ | ३६९६४९ |
| जम्मा | ११७७३८३३ | १०९९७०६४ |

| सैद्धान्तिक बेरुजु |
|---|

३६ **फरक कार्यमा भुक्तानी**

सार्वजानिक खरिद ऐन २०६३ को दफा ७(१) मा ऐन बमोजिमको कार्यविधि पुरा गरी खरिद सम्बन्धी कार्य गर्ने गराउने जिम्मेवारी सम्बन्धित सार्वजानिक निकायको प्रमुखको हुने उल्लेख छ । कैलाश मानसरोवर भ्यू क्षेत्र निर्माणको आर्थिक र प्राविधिक पक्षको लेखाजोखा गरिएको विस्तृत परियोजना प्रतिवेदन (DPR) मा उल्लेख नभएको निम्न ३ कार्यहरुलाई समेटी लागत अनुमान तयार गरि उपभोक्ता समिति मार्फत कार्य गरेको देखिन्छ । विस्तृत परियोजना प्रतिवेदन (DPR) मा परिमार्जन गर्न परे पुनः परीक्षण गरी परिमार्जन गर्नु पर्दछ । विस्तृत परियोजना प्रतिवेदन (DPR) मा नभएको काम लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट गराएको नियमसम्मत नदेखिएको रू.

| विवरण | रू. |
|---|---|
| स्तुपा छोर्टेन (Stupa chorten) | २८७३६२.०० |
| फोहोर मैला व्यवसथापन स्थल निर्माण (Dumping yard) | ११३८७१५.०० |
| धातुका कार्य (Metal work) | ९५८३५३.०० |
| जम्मा | २३८४४३०.०० |

| अनियमित भएको | २३,८४,४३० |
|---|---|

३७ **कालो सूचिमा राख्ने**

सार्वजानिक खरिद ऐन २०६३ को दफा ६३(१)(ख) स्वीकृतिको लागि छनौट भएको बोलपत्र दाता खरिद संझौता गर्न नआएमा कालोसुचीमा राख्ने व्यवस्था छ । सार्वजानिक खरिद नियमावली २०६४ को नियम १४१(१) अनुसार निर्माण व्यवसायीलाई कालो सुचिमा राख्नुपरेमा त्यस सम्बन्धि विस्तृत विवरण र कारण खुलाई सम्बद्ध कागजात सहित सार्वजानिक खरिद अनुगमन कार्यलयलाई लेखि पठाउनु पर्दछ । यस पालिकाको वडा नं ५ स्थित रङ्गिफुङ्ग देखि कोट गुम्बा सम्म ५.५ किलोमिटर सडक निर्माण कार्यको लागि वजेट रू १ करोड विनियोजन भएकोमा लागत अनुमान रू ९९९५६८९।७५ भएको उक्त कार्य गर्नको लागि डि आर आर एस कन्ट्रक्सन एण्ड अन्डर सप्लायर्स खार्पुनाथ १ हुम्माले मुल्य अभिबृद्धि कर तथा पि.एस समेत रू ४१००७४६.०२ कबोल गरेकोमा संझौता गर्न आउन २०८१।१२।१० मा पत्र पठाएकोमा संझौता गर्न नआएकोले दोस्रो कम कबोल गर्ने निर्माण व्यवसायी साँङ्गे निर्माण सेवा सिमकोट ३ हुम्मालाई मुल्य अभिबृद्धि कर तथा पि.एस समेत रू ९६४३६६२.३२ संझौता गरी सडक निर्माण कार्य गरेको देखिन्छ । ठेक्का प्रक्रियामा सामेल भई संझौता गर्न नआउने निर्माण व्यवसायीलाई कालो सुचिमा राख्न सार्वजानिक खरिद अनुगमन कार्यालयमा लेखि पठाएको नदेखिएकोले कालो सुचिमा राख्न लेखि पठाउनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३८ **उपभोक्ता समिति**

गाउँपालिकाले उपभोक्ता समितिबाट गराएका योजनामा सार्बजनिक खरीद ऐन २०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ विपरीत जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता

समितिमार्फत गरेको अवस्था देखिएको छ । कानुनको परिपालना गरी निर्माण कार्य गरिनुपर्दछ ।

| क्र स | कार्यक्रम | बजेट रू | खर्च रू |
|---|---|---|---|
| १ | स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | ९३००००००.०० | ९३००००००.०० |
| २ | स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | १६००००००.०० | १५८९८४.०० |
| ३ | वडा कार्यालयको माथिल्लो तला निर्माण | १२००००००.०० | ११४८५७९.०० |
| | | १२१००००००.०० | १०६०७५६३.०० |

सैद्धान्तिक बेरुजु

## ३९ लागत अनुमान तथा स्पेसिफिकेशन बिना खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ बमोजिम सार्वजनिक निकायले मालसामान निर्माण वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेसन डिजाईन नक्सा तथा अन्य विवरण तयार गर्नु पर्ने ,ऐन को दफा ५ मा सार्वजनिक निकायले खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गरी स्वीकृति गर्नुपर्ने व्यवस्था छ।गाँउपालिकाले स्पेसिफिकेसन, लागत अनुमान तयार तथा स्विकृत नगरी खरिद गरेका केहि उदाहारण निम्न छन्।कार्यालयमा खरिद गरिने निर्माण तथा मालसामानको कानुन बमोजिम स्पेशिफिकेशन तथा लागत अनुमान तयार गरी खरिद गर्नुपर्दछ।

| **गो भौ न मिति** | **विवरण** | **खरिद गरिएको फर्म** | **खरिद मुल्य** |
|---|---|---|---|
| ३३-२०८१।१०।१८ | इलेक्ट्रोनिक्स सामान खरिद | टि टेडर्स एण्डर्स | २०७४९९ |
| २४-२०८१।०९।२२ | इलेक्ट्रोनिक्स सामान खरिद | कोहलपुर डिजिटल हव प्रा लि | ५९३८१५ |
| ९७- २०८२।०३।१२ | फर्निचर खरिद | न्यु मोडल स मिल एण्ड फर्निचर उद्योग | ३२४३१० |
| १११-२०८२।०३।१४ | फर्निचर खरिद | हिमालयन फर्निचर उद्योग | १९९००० |
| १८५-२९८२।०३।२४ | ल्यापटप तथा कम्प्युटर खरिद | निशान कम्प्युटर ट्रेडर्स | ७९९७३९ |

सैद्धान्तिक बेरुजु

## ४० डिपिआर खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्स सेवा खरिद गर्दा परामर्श सेवाको लागत अनुमान सम्वन्धी नर्म्स बमोजिम लागत अनुमान बनाउनुपर्ने व्यवस्था छ ।सार्वजनिक खरिद ऐन २०६३ को दफा को २९(१) (क) को व्यवस्था बमोजिम कार्यालयको प्राविधिक जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न बमोजिमका विस्तृत परियोझना प्रतिवेदन (डि.पि.आर) निर्माण कार्यको पालिकाबाट बिनियोजित बजेट कै हाराहारीमा कोटेशन मार्फत प्रस्तावदाताले मूल्य पेश गरी सोझै खरिद गरेको पाइयो। डि.पि.आर. सार्वजानिक संम्पति व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला गरेको देखिएन। एकै प्रकृतिको कामको एउटा प्याकेज बनाई सिलवन्दी दरभाउ पत्र तथा बोलपत्रद्धारा परामर्श सेवा खरिद गर्नुपर्दछ साथै डि.पि.आर. प्रतिवेदन पाम्समा दाखिला गर्नुपर्दछ।

| क्र.सं | विवरण | कन्सल्टेन्सी | DPR बमोजिमको लागत अनुमान | खर्चभएको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | रङ्गिफुङ् देखि कोङ् गुम्मा सम्म बाटो निर्माण (कोङ् गुम्बा देखि तिलजुङ् सम्म ) | Dexterous Construction & Designers | ८४३५९६० | ३९५५०० | अल्या |
| २ | कोल्ड स्टोर भवन निर्माण | लेकराज निर्माण सेवा एण्ड कन्सल्टेन्सी | ३८५१०९४ | ४७३४४० | अल्या |
| ३ | हिल्सा तटबन्धन को DPR २ | P and P Construction Suppliers & Research Civil Centre PVT.Ltd | ७४९९९६१ | ४९७२५० | अल्या |
| ४ | कैलाश मानशरोवर दृश्यवालयोकन क्षेत्र विकास आयोजना | S.S Innovative Consultant PVt.LTD | १०७०१४४०८ | ११०७६०७ | |
| ५ | रङ्गिफुङ् देखि कोङ् गुम्मा सम्म बाटो निर्माण (तुमकोट बगर देखि रोङ्फु सम्म) | शेड इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्ट्रक्सन | ९९९५६८९ | ४५८३७६ | |
| ६ | नाम्खा गाउँपालिकाको नगर यातायात गुरुयोजना तयार | डिलिजेन्स कन्सल्टेन्सी प्रा.ली भक्तपुर | | ८२४९०० | |
| ७ | नाम्खा गाउँपालिकाको विभिन्न स्थानहरुको प्रारम्भिक वातावरणीय अध्ययन | सिग्मा सर्भिसेज प्रा.ली | | ६७८००० | |
| | जम्मा | | | ४४३५०७३ | |

सैद्धान्तिक बेरुजु

### ४१ नभएको कामको भुक्तानी

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ।सबैका लागि दिगो खानेपानी सरसफाई सुस्सा परियोजना अन्तर्गत निम्न बमोजिमका सञ्चालित आयोजनामा अन्तिम प्राविधिक मूल्याङ्कनमा टेण्डर नै नगरेको आयोजनामा टेण्डर सूचना तथा कामदारको ईन्सुरेन्स खर्च भनि देहायबमोजिम मुल्याङ्कनमा समावेश गरी भुक्तानी भएको रकम असुल हुनुपर्ने रू.

| गो.भौ.नं. र मिति | योजनाको नाम | विषय | रकम |
|---|---|---|---|
| १६४-२०८२।०३।२२ | झुला खानेपानी तथा स्वच्छता आयोजना | टेण्डर नोटिस र कामदार इन्सुरेन्स | २२००० |
| १६५-२०८२।०३।२२ | चाङ्जुमा खानेपानी तथा सरसफाई उस | टेन्डर नोटिस | १२००० |
| ४२-२०८२।०३।२३ | छम्सेसी खानेपानी तथा सरसफाई उपभोक्ता समिति | कामदार इन्सुरेन्स | २५००० |
| जम्मा | | | ५९००० |

| असुल गर्नुपर्ने | ५९,००० |
|---|---|

### ४२ बढि भुक्तानी अल्या (६-२०८१।०७।१४)

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागज सम्लग्न गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले औल ताङ्गिन आधुनिक घट्ट निर्माण अन्तर्गत रू २०००००.०० पेमा लाक्पा लामालाई भुक्तानी भएको अन्तिम प्राविधिक मुल्याङ्कन प्रतिवेदनमा मुल्याङ्कन रकम रू १७९१३०.०० मात्र देखिएकोले कार्यसम्पन्न मुल्याङ्कन भन्दा बढि भुक्तानी भएको रकम रू.

| असुल गर्नुपर्ने | २०,८७० |
|---|---|

४३ **बढि भुक्तानी (१६-०८१।०८।२५)**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ।कओ लुङ्वा देखि किट सम्म मोटरबाटो निर्माणको लागि कोटेसन मार्फत कैलाश मानसरोवर निर्माण सेवा एण्ड सप्लायर्स सँग रू ८४०२३८।४९ कन्टिजेन्सी कट्टी गरी भुक्तानी गर्ने गरी सम्झौता भएकोमा प्राविधिक मुल्याङ्कन अनुसार अन्तिम मुल्याङ्कन रकम भ्याट सहित रकम रू ५५७१६३ मुल्याङ्कन भएकोमा ५८२१५७ भुक्तानी भएकोमा बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,९९४ |

४४ **बढी भुक्तानी (२२-२०८२।३।२१)**

सार्वजानिक खरिद ऐनको दफा ५७ मा सार्वजानिक निकायले बिल बिजकको भुक्तानी खरिद संझौताको अधिनमा रहि तोकिए बमोजिम दिनुपर्ने उल्लेखछ । वडा नं ६ मा लिमि भ्याली लाप्चा पर्यटकीय पूर्वाधार निर्माण कार्यका लागि लिमि भ्याली लाप्चा पर्यटकीय पूर्वाधार निर्माण उपभोक्ता समितिलाई संझौता अनुसार १० प्रतिशत जनसहभागिता अंश कट्टा गरी भुक्तानी रु ८४१८२५४.४० दिन पर्नेमा कम कट्टा गरी रू ८५११७९१.३५ भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रू.

| विवरण | रू |
|---|---|
| कार्य सम्पन्न भएको | ९७४३३५१ |
| १० प्रतिशत जनसहभागिता अंश | ९७४३३५ |
| कन्टिजेन्सि समेत (क) | ८७६९०१६ |
| ४ प्रतिशत कन्टिजेन्सी(ख) | ३५०७६१ |
| खुद पाउने रकम (ग)= क-ख | ८४१८२५५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९३,५३६.९५ |

# अनुगमन लेखापरीक्षण

४५ संपरीक्षण तथा अध्यावधिक बेरुजुको अवस्थाः

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८२ सम्मको बाँकी बेरुजु रू ५५०३३७६१/- मध्ये रू ८०१८४३/- सम्परीक्षणका लागि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षण गरीएको छ ।

**(ख) अध्यावधिक बेरुजुको अवस्थाः** यस **नाम्खा गाउँपालिका, हुम्ला** को २०८२ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B) | यो वर्ष कायम बेरुजु(C) | सम्परीक्षणबाट कायम बेरुजु(D) | अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | ५५०३३७६१ | ८०१८४३ | ६८५५७७१.७६ | ० | ६१०८७६८९.७६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : नाम्खा गाउँपालिका, हुम्ला , हुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नन्दकृष्ण पाध्याय | २०८१-०६-२९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | शैलेश किरण राइ चाम्लिङ | २०८०-०५-२८ | २०८१-०६-०६ |
| लेखा प्रमुख | रेजिना ओली | २०८०-०५-२८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३४४,२६०.९५ | ४,७३५,०४५ | १,७७६,४६५.८१ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | ६,८५५,७७१.७६ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ४७,७३१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६९९३८८७४.२४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २१२३०९२२२ | **चालु खर्च** | २१०७०३५४९.५ |
| **प्रदेश सरकारबाट अनुदान** | २७९९३७५० | **पूँजीगत खर्च** | १०७६७६४३० |
| **राजश्व बाँडफाँट** | ६१४३६८३२.१२ | **वित्तीय/अन्य व्यवस्था** | १०८७४२०८८ |
| **आन्तरिक आय** | १८७१२४८.३२ | | |
| **अन्य आय** | ८७८७७२५२.५३ | | |
| **कुल आय** | ३९१४८८३०४.९७ | **कुल खर्च** | ४२७१२२०६७.५ |
| **बाँकी मौज्दात** | | ३४३०५१११.७१ | |

**अनुसूची - २**



https://nams.oag.gov.np